# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## स्याङ्जा

प.सं.: ०७७/०७८

च.नं.:

गण्डकी प्रदेश, नेपाल,

पुतलीबजार, स्याङ्जा

## मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रममा सहभागी हुने सूचना ।

**सूचना प्रकाशित मिति : २०७७/११/१७**

मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार चालु आर्थिक वर्ष०७७/०७८का लागि मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रममा सहभागी हुन ईच्छुक यस पुतलीबजार नगरपालिका क्षेत्र भित्रका पूँजी, ज्ञान र सीपको अभावमा उद्यम व्यवसायमा लाग्न नसकेका परिवार, उद्यम व्यवसायमा लागेका तर व्यवसायिक दक्षता र साधन श्रोतको अभावमा व्यवसायिकरण गर्न नसकेका टोल विकास संस्था, फर्म, वा व्यक्ति मध्येबाट तपशिलमा उल्लेखित कागजात र क्षेत्र खुलाई अनुसूचि १ बमोजिमको निवेदनको ढाँचा भरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय र नगरपालिकाको Website www.putalibazarmun.gov.np मा समेत उपलब्ध हुनेछ । पेश भएका निवेदनहरु छानविन गर्दा गलत विवरण पेश गरेको पाईएमा कार्यक्रममा समावेश गरिने छैन ।

### तपशिल

**(क) उद्यमशिलता बिकास वा व्यवसाय श्रृजना तथा आर्थिक विकासको क्षेत्र :-**

१. व्यवसायिक कृषि तथा पशु विकास ।
२. साना उद्यम/व्यापार व्यवसाय (ब्यूटी पार्लर, हेन्सम पार्लर, सिलाई कटाई। ढाका बुनाई समेत) ।
३. सहकारितामा आधारित उत्पादनमूलक कार्य ।
४. स्थानीय कच्चा पदार्थमा आधारीत कुटीर उद्योग संचालन ।
५. व्यवसायिक पर्यटन सेवा ।

**(ख) संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. फोटा टाँस गरिएको अनुसूचि १ बमोजिमको निवेदन
२. नेपाली नागरिकताको फोटोकपी
३. दर्तावाला फर्म भएमा फर्मा दर्ता प्रमाणपत्रको फोटोकपी
४. व्यवसाय सञ्चालन गर्ने जग्गा वा घर टहरा आफ्नै भएमा जग्गाभनी प्रमाणपूर्जाको फोटोकपी र भाडा वा लिजमा भएमा सहमती कागजको फोटोकपी
५. वडा कार्यालयको सिफारिस

थप जानकारीका लागि
नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन ।

११/१६

.............................

वाबुराम वराल
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत

पुतलीबजार नगरपालिका वडा नं. १, गण्डकी प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४०८ ^याक्स नं. ०६३-४२०४०८
E-mail : info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website : www.putalibazarmun.gov.np